**नेपाल सरकार विभागीय मन्त्रीस्तरबाट स्वीकृत**
**निर्णय मितिः २०७०/७/२९**

# अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०७०

**प्रस्तावना :**

अलैंची नेपालबाट निर्यात हुने एउटा प्रमुख कृषिजन्य वस्तु हो । विगत केही वर्षदेखि यसको व्यवसायिक खेती पूर्वाञ्चल विकास क्षेत्रका इलाम, पांचथर, ताप्लेजुङ्ग, संखुवासभा, तेह्रथुम र धनकुटा आदि जिल्लाहरुमा भइरहेको छ । नेपालको कुल अलैंची उत्पादन र निर्यातको पन्चानव्वे प्रतिसत हिस्सा पूर्वाञ्चल क्षेत्रले नै ओगटेको छ । आर्थिक वर्ष २०६८/०६९ मा जम्मा १४,२०६ हेक्टर क्षेत्रफल (११,६६५ हे.उत्पादनशील क्षेत्रफल) मा अलैंची खेती भई ६०२६ मे.टन उत्पादन भएको थियो भने त्यसको निर्यातवाट रु. ३ अर्ब ४९ करोड भन्दा बढीको विदेशी मुद्रा प्राप्त भएको थियो । यसरी पूर्वाञ्चल क्षेत्रका कृषकहरुको आय आर्जनको प्रमुख श्रोतको रुपमा रहेको अलैंची खेतीमा त्यहाका ६६ हजार भन्दा बढी कृषक परिवारहरु संलग्न रहेको अनुमान छ ।

विगत केही वर्ष देखि छिर्के, फुर्के जस्ता भाइरसजन्य तथा पाना कुहिने र बगान डढ्ने जस्ता ढुसीजन्य रोगहरुले उपरोक्त जिल्लाहरुमा लगाइएको अलैंची वालीलाई निकै क्षति पुर्‍याइ रहेको छ । यद्यपि हालका बर्षहरुमा भएको अलैंचीको मुल्य बृद्धिबाट कृषकहरु यस वाली प्रति वढी आकर्षित भएको कारणले यस क्षेत्रको विकास एवं बिस्तार पनि द्रुत गतिमा भई रहेको छ । तर कृषकहरुले स्वस्थ्य बीउ बिरुवाको श्रोत नपाएको कारणले असुरक्षित रुपमा पाना फुटाई बिरुवाको प्रशारण गर्ने गरेकाले भोलिका दिनहरुमा अलैंची खेतीमा अझ ठूलो समस्या आइलाग्ने देखिएको छ । त्यसैले अलैंचीको स्वस्थ बिरुवा उत्पादन र रोग व्यवस्थापनमा अझै ध्यान दिइएन भने नेपालको अलैंची खेतीमा ठूलो ह्रास आई यसमा संलग्न कृषकहरु बेरोजगार हुनुका साथै देशलाई प्राप्त हुने विदेशी मुद्राको एउटा मुख्य श्रोत नै गुम्न सक्ने खतरा रहेको छ । बिगत २-३ वर्षको तथ्यांकलाई बिश्लेषण गर्दा पूर्वाञ्चलका विभिन्न जिल्लाहरुमा करीव ६०० हेक्टरमा लगाइएको अलैंची बाली बिभिन्न रोगहरुले गर्दा पूर्ण रुपमा नासी सकेको छ । उक्त रोगग्रस्त वगानहरुको पुनः स्थापना तथा नया क्षेत्र विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम आवश्यक ठानिएको छ । आ.व. ०६८/६९ देखि पूर्वाञ्चलका ७ जिल्लाहरुमा संचालित यो कार्यक्रम, दोश्रो वर्ष ८ जिल्लाहरु र तेश्रो वर्ष देखि १४ जिल्लामा यो कार्यक्रम संचालन गरिएको छ । पहिलो वर्ष (आ.व. ०६८/६९) संचालित कार्यक्रमवाट ३० हे. मा नासिएका वगान पुनःस्थापना भएको र दोश्रो वर्ष उक्त वगानहरुको व्यवस्थापन भएको छ । तेश्रो वर्ष (आ.व. ०७०/७१)मा ६० हे. वगान पुनःस्थापना र थप ६० हे. मा नयाँ क्षेत्र विस्तार गरी जम्मा १२० हे. मा वगान स्थापना गरिनेछ । त्यसैगरी चौथो र पाचौ वर्षमा क्रमशः ४०० र ५०० हे. गरी जम्मा १०५० हे. क्षेत्र विस्तार हुने अनुमान गरी पांच वर्षे योजना तयार गरिएको छ । यस योजनाको लागि प्रथम, दोश्रो, तेश्रो, चौथो र पांचौ वर्षमा क्रमशः रु. १ करोड ५० लाख, २ करोड ५० लाख, ३ करोड ७५ लाख, ४ करोड २५ लाख र ५ करोड गरी जम्मा १७ करोड लाग्ने अनुमान गरिएको छ । आयोजना अवधिको तेश्रो वर्षवाट उत्पादन शुरु हुने र पांचौ वर्षमा कूल २३१.५ मे.ट. उत्पादन भई करीव रु. २३ करोड वरावरको अलैंची उत्पादन हुने र सोको करीव ९५ प्रतिशत अथवा करीव रु. २२ करोड वरावरको अलैची निर्यात हुने अनुमान गरिएको छ । अलैंची बिरुवा तयार गर्न ३०-३२ महिना लाग्ने र मुख्य जग्गामा रोपेको ३ वर्ष पछि मात्रै उत्पादन दिन शुरु गर्ने भएकोले त्यसलाई पुर्नस्थापित गर्न कम्तिमा आगामी ५ वर्ष सम्म अलैंची बिशेष कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्नु जरुरी देखिन्छ । हाल एउटा मात्र सरकारी फार्मवाट वार्षिक २ लाख र नीजीस्तरवाट ४ लाख गरी जम्मा ६ लाख वेर्ना उत्पादन भैरहेको र उक्त उत्पादन माग अनुसार (२५-३० लाख) अपुग भएकोले नीजीस्तरमा

वेर्ना उत्पादन गर्ने पूर्वाधार (जाली घर, सिंचाई आदि) निर्माण गर्न अनुदान दिनुपर्ने आवश्यकता देखिएको छ । साथै पूर्वाञ्चल वाहेकका अन्य संभाव्य जिल्लाहरुका पनि यसको क्षेत्र विस्तार गर्दै लैजानु पनि आवश्यक रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारले आ.व. २०६८/६९ को बजेट बक्तब्य मार्फत पूर्वाञ्चल क्षेत्रमा **"अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम"** संचालन गर्ने घोषणा समेत गरि सकेको परिप्रेक्ष्यमा सरोकारवाला सबैको सक्रिय सहभागितामा अभियानकै रुपमा उक्त कार्यक्रम संचालन गर्न आवश्यक भएकोले सो कार्यलाई सहज रुपमा सञ्चालनमा ल्याउन नेपाल सरकारबाट यो निर्देशिका बनाई लागु गरिएको हो ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम" भन्नाले नेपाल सरकारले अलैची खेतीमा लाग्न सक्ने रोग र किराहरुलाई नियन्त्रण गर्न तथा अलैची खेतीको उत्पादन र उत्पादकत्व बढाउन सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्छ ।

(ख) **"**कार्यक्रम" भन्नाले अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"**खेती" भन्नाले अलैचीको खेती सम्झनु पर्छ ।

(घ) **"**विभाग" भन्नाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले सम्बन्धित जिल्ला कृषि विकास कार्यालय सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) महामारीको रुपमा फैलन लागेका रोगहरु बाट अलैंची खेतीलाई जोगाई त्यसमा आश्रीत कृषकहरुको आय बढाउन सहयोग पुऱ्याउने ।

(ख) रोगमुक्त एवं गुणस्तरयुक्त अलैंची बिरुवाहरु आपूर्तिमा सहजता ल्याई क्षेत्र बिस्तारमा सहयोग पुऱ्याउने ।

(ग) गुणस्तरीय अलैंची बालीको क्षेत्र बिस्तार गरी त्यसको उत्पादन र उत्पादकत्व बढाउन मद्दत पुऱ्याउने ।

(घ) अलैंचीको ब्यावसायिक खेतीद्वारा रोजगारी श्रृजना र आय आर्जनमा बृद्धि ल्याउन ग्रामिण कृषकहरुलाई सहयोग पुराउने ।

## परिच्छेद २
## अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापनाको रणनीति

**४. रणनिति :** (१) अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रमलाई सुब्यवस्थित रुपमा सञ्चालन गर्न नेपाल सरकारद्वारा देहाय बमोजिमका रणनीति अपनाईनेछन् :-

(क) अलैंची खेतीमा संलग्न कृषकहरुलाई सहकारीमा आवद्ध गरी परिचालित गरिने र सकृय बनाइने छ ।

(ख) अलैंचीको रोगहरुको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुको सामूहिक पहलमा "एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पि.एम.)" प्रविधि अबलम्बनको शुरुवात गरिनेछ ।

(ग) सरकारी एवं निजी क्षेत्रको सहयोगमा तन्तु प्रजनन प्रविधि एवं अलैंची बीउवाट रोग रहित गुणस्तरीय अलैंची बिरुवाहरु उत्पादन गराइने छ ।

(घ) रोगग्रस्त भइसकेका बगानहरुलाई पूर्ण रुपमा हटाई नयां बिरुवाहरु रोप्न प्रोत्साहित गरिने छ । त्यसका लागि नयां बिरुवाहरुको मुल्य, ढुवानी र प्याकेजीङ्गमा १०० % अनुदान दिइने छ ।

(ङ) नयाँ नमूना अलैंची बगानहरुको स्थापनाद्धारा गुणस्तरीय बगानहरुको क्षेत्र विस्तार गर्न प्रेरित गरिनेछ ।

(च) अलैंचीको उत्पादन र उत्पादकत्व बढाउन दीर्घकालिन रुपमा बगानहरुको उचित व्यवस्थापन (गोडमेल, सिंचाई, मलखाद प्रयोग र बाली संरक्षण आदि) गर्न प्राबिधिक सेवा-टेवा पुऱ्याइने छ ।

(छ) अलैंचीको नयाँ क्षेत्र विस्तार गर्न विरुवाको मूल्य, मलखाद, विषादि आदिमा अनुदान दिइनेछ ।

(२) उपदफा (१) बमोजिमका रणनीतिलाई प्रभाबकारी रुपमा सञ्चालन गर्न नेपाल सरकारबाट आवश्यक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## परिच्छेद ३
## आयोजनाको छनौट तथा सञ्चालन

**५. कार्यक्रम लागु गरिने आयोजना क्षेत्रको छनौट :** (१) अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट आ.व.२०६८/०६९ का लागि इलाम, पांचथर, ताप्लेजुङ्ग, संखुवासभा, तेह्रथुम, धनकुटा र भोजपुर गरी जम्मा सात वटा जिल्लाहरुलाई आयोजना संचालन हुने क्षेत्रको रुपमा छनौट गरि उक्त कार्यक्रमहरु सञ्चालन गरिएको थियो भने आ.व. ०६९/७० मा दोलखा जिल्ला थप भई जम्मा आठ जिल्लामा संचालन भएको थियो । आ.व. ०७०/७१ मा ६ जिल्लाहरु ( सोलुखुम्वु, खोटाङ्ग, ओखलढुंगा, गोरखा, लमजुङ्ग र रामेछाप) थप गरी जम्मा १४ वटा जिल्लामा कार्यक्रम संचालन गरिने छ । यस वाहेक सरकारी फार्म केन्द्र लाई अलैंचीको विरुवाको श्रोत केन्द्रको रुपमा स्थापित गर्न र मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा क्षेत्र विस्तार गर्न वोंच, रुकुम र डडेल्धुराको सरकारी फार्ममा नर्सरी स्थापना गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित जिल्लाहरु बाहेक नेपाल सरकारबाट कार्यक्रमको प्रभावकारीता हेरी सो कार्यक्रम अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम छनौट गरिएका जिल्लाहरुमा सञ्चालन गरिने कार्यक्रमको अवधि हाललाई एक वर्षको भएपनि अलैंची बाली बहु वर्षे प्रकृतिको भएको र यसमा गरिएको लगानीको प्रतिफल प्राप्त गर्न चार देखि पाँच वर्ष लाग्ने भएकोले औचित्यको आधारमा आगामी पाँच वर्ष सम्म यस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(४) उपदफा (१) बमोजिम आयोजना क्षेत्रको छनौट गर्दा देहायका आधार समेत लिईनेछ :

(क) ब्यावसायिक रुपमा अलैंची उत्पादन तथा निर्यात गर्ने जिल्लाहरु भएको,

(ख) उल्लेखित रोगहरु बाट बढी प्रभावित क्षेत्र भएको,

(ग) ब्यावसयिकरणमा उन्मुख रही यातायात र सञ्चारको सुविधायुक्त स्थान भएको,

(घ) कार्यक्रम कार्यान्वयन गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रको बढी सक्रियता र पहुंच रहेको क्षेत्र भएको ।

**६. कार्यक्रम संचालन** : (१) कार्यकम सञ्चालनको लागि आयोजना छनौट भएका जिल्लाहरुमा नेपाल सरकारबाट देहाय बमोजिमका कार्यकमहरु सञ्चालन गरिनेछन् ।

(क) अलैंची निजी नर्सरी स्थापना - पहिलो वर्ष
(ख) अलैंची निजी नर्सरी ब्यवस्थापन - दोस्रो वर्ष
(ग) पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन - पहिलो बर्ष
(घ) प्रतिस्थापित अलैंची बगानको ब्यवस्थापन - दोश्रो र तेश्रो वर्ष
(ङ) नमूना अलैंची वगान स्थापना - पहिलो वर्ष
(च) नमूना अलैंची बगान ब्यवस्थापन - दोश्रो र तेश्रो वर्ष
(छ) माटो परिक्षण शिबिर संचालन - आवश्यकता अनुसार
(ज) अलैंचीको नयाँ क्षेत्र विस्तार - तेश्रो वर्ष देखि
(झ) आइ.पि.एम. कृषक पाठशाला संचालन - आवश्यकता अनुसार
(ञ) प्राविधिक तथा कृषक तालिम संचालन - प्रत्येक वर्ष

(२) कार्यकमलाई सुचारु रुपले सञ्चालन गराउन नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरुलाई कार्यकम कार्यान्वयन सम्वन्धमा बिशेष जिम्मेवारी तथा भूमिका समेत तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिने जिम्मेवार व्यक्ति र निजको भूमिका अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) कार्यकम सञ्चालनको लागि आवश्यक रकम नेपाल सरकारको आर्थिक वर्ष २०६८/६९ को बजेट तथा कार्यकममा व्यक्त नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि नेपाल सरकारबाट प्रदान गरिने बजेट मार्फत उपलव्ध हुनेछ ।

(५) उपदफा (४) बमोजिम उपलव्ध भएको रकम “तरकारी विकास निर्देशनालय” मार्फत सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरु, वाली संरक्षण निर्देशनालय, राष्ट्रिय मसला वाली विकास कार्यक्रम, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, क्षेत्रीय कृषि निर्देशनालय र फार्म/केन्द्रहरुमा उपलव्ध गराईने छ ।

**७. अलैची निजी नर्सरी स्थापना पहिलो वर्षको कार्यकम सञ्चालन** : (१) अलैंची खेती बिस्तारमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा नै बीउबाट गुणस्तरीय बिरुवाहरु उत्पादन गर्न लगाई सहज आपूर्तिमा टेवा पुऱ्याउन तथा अलैंची नर्सरीलाई रोजगार एवं आयमूलक ब्यवसायको रुपमा स्थापित गराउन नेपाल सरकारबाट कार्यकम लागु भएका जिल्लाहरुमा अलैची निजी नर्सरी स्थापना पहिलो वर्षको कार्यकम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकम सञ्चालन भएका सम्बन्धित कार्यालयहरुले स्विकृत कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि एक महिना भित्र जिल्लाको ब्यावसायिक अलैंची उत्पादन पकेट क्षेत्रका समुह/सहकारीहरु र निजी नर्सरी स्थापना गर्न इच्छुक कृषकहरुलाई सो कार्यक्रम बारे जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन भएको कार्यकम अन्तरगत नर्सरी स्थापना गर्न चाहने कृषक वा समुह/सहकारीहरुले सो बमोजिमको नर्सरी स्थापना गर्न सम्वन्धित जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रमा निबेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दर्ता हुन आएमा सो सम्वन्धमा आवश्यक जाँचवुझ गरि सम्वन्धित कार्यालयबाट समय मै उपयुक्त कृषक छनौट गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम उपयुक्त कृषक छनौट गर्दा उपलब्ध भए सम्म तालिम प्राप्त कृषकलाई प्राथमिकता दिनु पर्नेछ । यदि सो अनुसारको कृषक नभएमा इच्छुक कृषकलाई आवश्यक तालिम दिएर मात्रै नर्सरी स्थापना गर्न लगाउनु पर्नेछ ।

(६) छनौट गरिएका कृषक वा समुह/सहकारीहरुलाई नर्सरी स्थापना गर्नु भन्दा अघि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सम्बन्धित कार्यालयहरुले सम्झौता गराउनु पर्नेछ -

(क) पहिलो वर्ष, पहिलो वर्षे नर्सरीको लागि कम्तिमा आधा रोपनी जग्गा छुट्याउनु पर्ने ।
(ख) दोश्रो वर्ष, दोश्रो वर्षे नर्सरीको लागि कम्तिमा तीन रोपनी जग्गा छुट्याउनु पर्ने ।
(ग) तेश्रो वर्ष देखि प्रति वर्ष कम्तिमा एक लाख बिरुवा उत्पादन हुने गरी नर्सरी संचालन गर्नु पर्ने ।
(घ) नर्सरी स्थापना गरे पछि कम्तिमा पाँच वर्ष सम्म संचालन गर्नु पर्ने ।
(ङ) उत्पादित अलैंची बिरुवाहरुको न्युनतम गुणस्तर निम्न बमोजिमको हुनु पर्ने -
- जातीय पहिचान भएको
- उमेर अनुसारको उचाई पुगेको (१ वर्षे बिरुवाहरु १०-१५ से.मी. अग्लो)
- रोग, किराबाट मुक्त

(७) नर्सरीको लागी बीउ, नाइलन जाली र अन्य आवश्यक सामग्रीहरुको लागत रु.१,०६,१००।- को मूल्यमा असी प्रतिशत अनुदान दिन पहिलो वर्ष प्रति नर्सरी बढीमा रु. ८५,०००।- खर्च गर्न सकिनेछ ।

(८) यस दफा बमोजिम स्थापना गरिने नर्सरीको लागी आबश्यक स्थानिय सामाग्री र जनश्रम नर्सरी धनी कृषकबाट नै व्यहोरिनेछ ।

(९) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिला कृषि विकास कार्यालय र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमिका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

(१०) यस दफा बमोजिमको कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

८. **<u>अलैंची निजी नर्सरी ब्यवस्थापन (दोश्रो वर्ष) कार्यक्रम सञ्चालन</u>** : (१) स्थापित निजी नर्सरीहरुको आवश्यक ब्यवस्थापन गर्न लगाई सुदृढ एवं क्रियाशिल बनाउन नेपाल सरकारबाट कार्यक्रम लागु भएका जिल्लाहरुमा अलैची निजी नर्सरी व्यवस्थापन दोस्रो वर्षे कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) वार्षिक कार्यक्रम स्विकृत भई अख्तियारी प्राप्त भईसकेपछि सम्वन्धित कार्यालयहरुले एक महिना भित्र आफ्नो जिल्लामा गत वर्ष स्थापना गरिएका निजी नर्सरीहरुको स्थलगत अध्ययन गरी प्रतिबेदन तयार गरि राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिबेदनको आधारमा सम्बन्धित.कार्यालयहरुले दोश्रो वर्षे नर्सरीहरुलाई सक्रिय बनाउन स्विकृत कार्यक्रमको अधिनमा रही ब्यवस्थापनको लागि समयमा छनौट गरि सक्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट गरिएका नर्सरी धनीहरुलाई नर्सरी ब्यवस्थापन गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट सम्झौता गर्न लगाईनेछ -

(कं) कम्तिमा ३ रोपनी जग्गामा नर्सरी ब्यवस्थापना गर्नु पर्ने,
(ख) प्रति वर्ष कम्तिमा १ लाख बिरुवा उत्पादन हुने गरी नर्सरी संचालन गर्नु पर्ने,
(ग) नर्सरी ब्यवस्थापन गरेपछि कम्तिमा ५ वर्ष सम्म संचालन गर्नु पर्ने,
(घ) प्रथम वर्षको उपलब्धि हेरेपछि मात्रै दोश्रो वर्षको अनुदान सहयोग दिइनेछ,
(ङ) उत्पादित अलैंची बिरुवाहरुको न्युनतम गुणस्तर निम्न बमोजिमको हुनु पर्ने -
- जातीय पहिचान भएको
- उमेर ३०-३२ महिनाको
- उचाई १.० देखि २.० फिटको
- गानो सहित कम्तिमा १ वटा टुसा भएको ।
- रोग, किराबाट मुक्त

(च) बिरुवा बिक्री बितरण गर्नु भन्दा अगाडि नै नर्सरीलाई अनिवार्य दर्ता गराउनु पर्नेछ ।
(छ) उत्पादित विरुवाहरु सरकारी दररेटमा विक्रि वितरण गर्नुपर्नेछ ।

(५) आवश्यक सामाग्रीहरुको मूल्यमा असी प्रतिशत अनुदान दिन सम्वन्धित कार्यालयहरुबाट प्रति नर्सरी बढीमा रु.१,३०,०००।- खर्च गर्न सकिनेछ ।

(६) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमीका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

(७) यस दफा बमोजिमको कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. **<u>पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम सञ्चालन</u> :** (१) पुराना रोगग्रस्त अलैंची बगानहरु पूर्ण रुपमा हटाई नयां रोग मुक्त बगानहरु स्थापना गर्न लगाउने उद्देश्यले नेपाल सरकारले कार्यक्रम लागु भएका क्षेत्रमा पुराना रोग ग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले वार्षिक कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त हुनासाथ पहिलो चौमासिक भित्र कार्यक्रम लागु भएका जिल्लाका अलैंची पकेट क्षेत्रहरुको स्थलगत सर्वेक्षण/निरीक्षण गरी बिभिन्न रोगहरुले गर्दा नाश भैसकेका र नाशिने क्रममा रहेका अलैंची बगानहरुको बिस्तृत बिबरण तयार गरि राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको विवरणको आधारमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले पुनः स्थापना गराउन सकिने अलैंची बगानहरुलाई स्विकृत कार्यक्रमको अधिनमा रही समयमा नै वगानको छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट गरिएका अलैंची बगानका धनीहरुलाई बगान स्थापना गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट सम्झौता गर्न लगाईनेछ -

(क) पुरानो बगानमा भएका सम्पूर्ण रोगग्रस्त बिरुवाहरु अवशेष नै नरहने गरी सम्बन्धित कृषक स्वयंले हटाउनु पर्नेछ ।
(ख) नयां बगान कम्तिमा पाँच रोपनी जग्गामा स्थापना गर्नु पर्नेछ ।
(ग) वगान स्थापना गर्ने स्थानमा छहारीको व्यवस्था कृषक स्वयंले अनिवार्यरुपमा गर्नुपर्नेछ ।
(घ) स्थापना गर्नु करिब १.५-२ महिना अघि नै जि.कृ.वि.का. र क्षेत्रीय माटो प्रयोगशालाको सहयोगमा बगानको माटोको जांच गराउनु पर्ने छ ।
(ङ) स्थापना गर्नु कम्तिमा १ महिना अघि नै कृषि प्राबिधिकको सहयोगमा बगानको रेखांकन गरी तथा खाडल खनी सिफारिस अनुसारको मलहरु प्रयोग गर्नु पर्ने छ ।
(च) खाडल उपचार, बिरुवा उपचार र रोपण तथा बाली ब्यवस्थापन गर्ने कार्य पनि कृषि प्राबिधिकको रेखदेख र सल्लाहमा गर्नुपर्नेछ ।
(छ) रोगग्रस्त विरुवाहरु नष्ट भएको कम्तीमा ३ वर्ष भैसकेको जग्गामा प्रतिस्थापन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रम अन्तरगतको खाडल तथा बिरुवा उपचारको लागि उपयुक्त बिषादीहरु (बेभिष्टिन/क्रिनोक्सील) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट उपलब्ध गराईनेछ ।

(६) यस दफा बमोजिमको बगान ब्यस्थापन कार्यक्रमका लागि उपलब्ध “एकिकृत बाली ब्यवस्थापन पद्धति” अबलम्बन गर्नु/गराउनु पर्ने छ ।

(७) कार्यक्रम सञ्चालनको सिलसिलामा बिभिन्न रोगहरुले गर्दा नासी सकिएका र नासिने क्रममा रहेका अलैंची बगानहरुको सर्वेक्षण/निरीक्षण गरी बिस्तृत बिबरण तयार पारिनेछ ।

(८) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रमको खर्च नेपाल सरकारले देहाय बमोजिम हुनेछ :-

(क) बिरुवा बितरणमा प्रति हेक्टर रु.७५,०००।- खर्च गर्न सकिनेछ ।

(१.५ × १.५ मीटर को दूरीमा बनाइएको खाडलमा प्रति खाडल ३ बिरुवाका दरले रोप्दा १ हेक्टर अर्थात २० रोपनी मा १३,३३३ बिरुवा लाग्ने + १२.५ % बिरुवाको मोर्टालिटी मान्दा कुल १५,००० बिरुवा/हे. चाहिने । त्यसको मूल्य (प्रति बिरुवा रु.४।-), प्याकेजिङ्ग १५ % (६० पैसा प्रति बिरुवा) तथा ढुवानी (४० पैसा प्रति बिरुवा) मा १०० % अनुदान दिन प्रति बिरुवा रु. ५।- का दरले जम्मा रु.७५,०००।- खर्च हुने)

(ख) खाडल उपचार गर्न प्रति हेक्टर रु. ६,७५०।- खर्च गर्न सकिने ।
(खाडल उपचार गर्नलाई ०.२ % को बेभिष्टिन विषादीको घोल तैयार गरी प्रति खाडल आधा लिटर प्रयोग गर्दा प्रति हे. ४.५ किलो बेभिष्टिन लाग्ने । जसको प्रचलित मूल्यमा १०० % अनुदान दिन रु.१,५००।- प्रति किलोका दरले जम्मा रु. ६,७५०।- प्रति हे. खर्च हुने)

(ग) बिरुवा उपचार गर्न प्रति हेक्टर रु.३२५०।- खर्च गर्न सकिने ।
(बिरुवा उपचार गर्नलाई ०.२ % को विषादीको घोल तैयार गर्न प्रति हेक्टरमा रोपिने बिरुवाहरुको लागि १.५ किलो क्रिनोक्सील लाग्ने । जसको प्रचलित मूल्यमा १०० % अनुदान दिन रु.२,५००।- प्रति किलोका दरले जम्मा रु. ३२५०।- प्रति हे. खर्च हुने )

(घ) मल (शुक्ष्म तत्व मल समेत) प्रयोग र बाली उपचार मा लाग्ने खर्च सम्बन्धित कृषकहरु वा समूह/सहकारीहरुले आफै ब्यहोर्नु पर्नेछ ।
(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोग बढन नदिन आवश्यक्तानुसार बगानमा बिषादी छर्न लाग्ने खर्च)

(ङ) सिंचाईको श्रोत भएको ठाउंमा सिंचाई ब्यवस्थापनको लागि एकमुष्ट प्रति हेक्टर रु. १०,०००।- सम्म खर्च गर्न सकिनेछ ।
(सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ तर एक पटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन ।)

(च) प्राविधिकको सल्लाह वमोजिम कृषकले नै प्राङ्गारिक मल वनाई प्रयोग गर्नुपर्नेछ ।

(छ) यसमा उल्लेखित वाहेको खर्च कृषक स्वयंले गर्नुपर्नेछ ।

(९) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमीका अलैंची विकास केन्द्र फिक्कल, इलामको रहनेछ ।

## १०. प्रतिस्थापित अलैंची बगानको ब्यवस्थापन दोश्रो र तेश्रो वर्षे कार्यकम सञ्चालन :

(१) प्रतिस्थापित बगानहरुको आवश्यक ब्यवस्थापन गर्न लगाई उत्पादनशील बनाउने उद्देश्य बाट नेपाल सरकारबाट कार्यकम लागु भएका जिल्लाहरुमा प्रतिस्थापित अलैंची बगानको ब्यवस्थापन दोश्रो र तेश्रो वर्षे कार्यकम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकम सञ्चालन भएका सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त हुनासाथ पहिलो चौमासिक भित्र आफ्नो जिल्लाका अलैंची पकेट क्षेत्रहरुको स्थलगत सर्वेक्षण/निरीक्षण गरी गत वर्ष प्रतिस्थापित गरिएका अलैंची बगानहरुको यथास्थिति र सुधार गर्नु पर्ने बिषयहरु समेटी बिस्तृत बिबरण तयार गरि राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजि तयार गरिएको बिबरणको आधारमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले अलैंची बगानहरुलाई उत्पादनशील बनाउन स्विकृत कार्यक्रमको अधिनमा रही आवश्यक ब्यवस्थापकीय कार्यहरु गर्नु गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रमको खर्च नेपाल सरकारले देहाय बमोजिम गर्नेछ :-

(क) अघिल्लो वर्ष स्थापित नयां अलैंची बगानहरुको सर्वेक्षण/निरीक्षण गरी बिस्तृत बिबरण तयार पार्नुपर्नेछ ।

(ख) मल (जैबिक वा रासायनिक, शुक्ष्म तत्व मल समेत) प्रयोग र बाली उपचारमा लाग्ने खर्च एकमुष्ट प्रति हेक्टर रु.१९,५००।- सम्म खर्च गर्न सकिने छ (अनुसूची ४) ।
(बिरुवाहरु रोपि सकेपछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यकतानुसार बगानमा जैबिक वा रासायनिक बिषादी छर्न लाग्ने खर्च)

(ग) सिंचाईको श्रोत भएको ठाउंमा थप सिंचाई ब्यवस्थापनको लागि एकमुष्ट प्रति हेक्टर रु. १०,०००।- सम्म खर्च गर्न सकिने छ ।
(सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ । तर एकपटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन ।)

(घ) यसमा उल्लेखित वाहेकको खर्च किसान स्वयंले गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिला कृषि विकास कार्यालय र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमिका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

**११. <u>नमूना अलैंची वगान स्थापना पहिलो वर्षे कार्यक्रम सञ्चालन</u>** : (१) जिल्लाको संभाब्य वा भई रहेका अलैंची उत्पादन पकेट क्षेत्रहरुमा उपलब्ध उन्नत प्रबिधिहरु समेटी नमूना अलैंची बगानहरु नमूना कै रुपमा स्थापना गर्न लगाई प्रर्दशन गराउने र भविश्यमा गुणस्तर युक्त ब्यवसायिक अलैंची बगान हरुको बिस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यले नेपाल सरकारबाट कार्यक्रम लागु भएका जिल्लाहरुमा नमूना अलैंची वगान स्थापना पहिलो वर्षे कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमेजिमको कार्यक्रम सञ्चालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले पहिलो वर्ष एउटा पकेट क्षेत्रमा एक वटा र जिल्ला भरी पाँच वटामा नबढने गरी नमूना अलैंची बगानहरु स्थापना गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वगान स्थापना गराउदा सम्वन्धित जिल्ला कृषि बिकास कार्यालयहरुले स्विकृत कार्यक्रमको अधिनमा रही बहु संख्यक कृषकहरुले हेर्न र सिक्न सक्ने गरी प्रर्दशन स्थल एवं कृषक छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम स्थापना भएका नमूना अलैंची बगानहरु कम्तिमा पाँच रोपनी क्षेत्रफलमा स्थापना भएको हुनुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको नमूना बगानहरु स्थापना गर्न बगानको माटो जांच गराउनका साथै बगानको रेखांकन गरी खाडल खन्ने देखि खाडलमा मल माटो भर्ने, गुणस्तरीय बिरुवाहरुको छनौट, बिरुवा उपचार र रोपण तथा एकिकृत बाली ब्यवस्थापनका सम्पूर्ण प्रबिधिहरु हस्तान्तरणमा जिल्ला कृषि विकास कार्यालय तथा कृषि सेवा केन्द्रका कृषि प्राविधिकहरुले कृषकहरुलाई सहयोग गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रमको खर्च नेपाल सरकारले देहाय बमोजिम गर्नेछ :-

(क) बिरुवा बितरणमा प्रति बगान रु.१८,७५०।- खर्च गर्न सकिने ।

(१.५ × १.५ मीटर को दूरीमा बनाइएको खाडलमा प्रति खाडल ३ बिरुवाका दरले रोप्दा प्रति बगान/५ रोपनी मा ३,३३३ बिरुवा लाग्ने + १२.५ % बिरुवाको मोर्टालिटी मान्दा कुल ३,७५० बिरुवा प्रति बगान चाहिने । त्यसको मूल्यमा तथा ढुवानी, प्याकेजिङ्ग र मोर्टालिटीमा १०० % अनुदान दिन प्रति बिरुवा रु.५।- का दरले जम्मा रु.१८,७५०।- खर्च हुने)

(ख) बिरुवा उपचार गर्न प्रति बगान रु.१,८७५।- खर्च गर्न सकिने ।

(बिरुवा उपचार गर्नलाई ०.२ % को विषादीको घोल तैयार गर्न प्रति बगान ०.७५ किलो वेभिष्टिन वा क्रिनोक्सील लाग्ने । जसको प्रचलित मूल्यमा १०० % अनुदान दिन रु.२,५००।- प्रति किलोका दरले जम्मा रु. १,८७५।- प्रति बगान खर्च हुने)

(ग) रासायनिक मल (शुक्ष्म तत्व मल समेत) प्रयोग गर्न प्रति बगान रु.६,०७५।- खर्च गर्न सकिने ।

(प्रति हे. डि.ए.पी. ३७.५, युरिया २५ र पोटास मल २५ किलो तथा शुक्ष्म तत्व मल २०० मि.लि. का दरले प्रयोग गर्दा प्रचलित मूल्यमा १००% अनुदान दिन प्रति किलो/लिटर क्रमशः रु.५०।-, रु.४०।-, रु.३०।- र रु.१,०००।- का दरले जम्मा रु. ६,०७५।- प्रति बगान खर्च हुने)

(घ) बाली उपचार गर्न प्रति बगान रु.४,६२५।- खर्च गर्न सकिने ।

(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यक्तानुसार बगानमा बिषादी छर्न प्रति बगान/५ रोपनी करिब १.२५ किलो कपर अक्सिक्लोराइड/क्रिनोक्सील र करिब १.२५ लिटर थायोडान/रोगर चाहिने । तिनको प्रचलित मूल्यमा १०० % अनुदान दिन क्रमशः रु.२,५००।- प्रति किलो र रु.१२००।- प्रति लिटरका दरले जम्मा रु. ४,६२५।- प्रति बगान खर्च हुने) ।

(ङ) सिंचाई व्यवस्थापनका लागि एकमुष्ट प्रति बगान रु. ५,०००।- सम्म खर्च गर्न सकिने ।

(सिंचाईको व्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्था गर्न खर्च गर्न सकिने छ । तर एक पटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन । )

(७) यस दफा बमोजिमको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिला कृषि विकास कार्यालय र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमिका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

१२. **<u>नमूना अलैंची बगान व्यवस्थापन दोश्रो र तेश्रो वर्षे कार्यक्रम सञ्चालन</u> :** (१) स्थापना गरिएका नमूना अलैंची बगानहरुलाई फल्न शुरु नगरुन्जेल गुणस्तरयुक्त एवं उत्पादनशिल बनाउन सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले कार्यक्रम लागु भएका जिल्लाहरुमा नमूना अलैंची बगान व्यवस्थापन दोश्रो र तेश्रो वर्षे कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा(१) बमोजिमको कार्यक्रम लागु भएका क्षेत्रका जिल्ला कृषि बिकास कार्यालयहरुबाट स्वीकृत कार्यक्रमको अधिनमा रही गत वर्षमा स्थापना गरिएका नमूना अलैंची बगानहरुको निरीक्षण गरी बगानहरुमा गर्नु पर्ने आवश्यक ब्यवस्थापकीय कार्यहरु गर्ने गराउने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

(३) यस दफा बमोजिमको कार्यक्रम सञ्चालनको अवस्थामा आवश्यक एकिकृत बाली व्यवस्थापनका सम्पूर्ण प्रबिधिहरु हस्तान्तरणमा जिल्ला कृषि विकास कार्यालयका कृषि प्राविधिकहरुबाट कृषकहरुलाई सहयोग गरिनेछ ।

(४) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रमको खर्च नेपाल सरकारले देहाय बमोजिम गर्नेछ :-

(क) रासायनिक मल (शुक्ष्म तत्व मल समेत) प्रयोग गर्न प्रति बगान रु.६,०७५।- खर्च गर्न सकिनेछ ।
(प्रति हे. डि.ए.पी. ३७.५, युरिया २५ र पोटास मल २५ किलो तथा शुक्ष्म तत्व मल २०० मि.लि. का दरले प्रयोग गर्दा प्रचलित मूल्यमा १००% अनुदान दिन प्रति किलो/लिटर क्रमशः रु.५०।-, रु.४०।-, रु.३०।-, र रु.१,०००।- का दरले जम्मा रु.६,०७५।- प्रति बगान खर्च हुने)

(ख) बाली उपचार गर्न प्रति बगान रु.४,६२५।- खर्च गर्न सकिने ।
(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यक्ता अनुसार बगानमा बिषादी छर्न प्रति बगान/५ रोपनी करिब १.२५ किलो कपर अक्सिक्लोराइड/क्रिनोक्सील र करिब १.२५ लिटर थायोडान/रोगर चाहिने । तिनको प्रचलित मूल्यमा १००% अनुदान दिन क्रमशः रु.२,५००।- प्रति किलो र रु.१२००।- प्रति लिटरका दरले जम्मा रु. ४,६२५।- प्रति बगान खर्च हुने) ।

(५) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमिका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

**१३. <u>माटो परिक्षण शिबिर संचालन</u> :** (१) माटो सुधारमा सहयोग पुऱ्याउन रोगग्रस्त एवं नयां नमूना अलैंची बगानको माटो जांच गराई उक्त माटोको भौतिक एवं रासायनिक गुण (शुक्ष्म तत्वहरु समेत) पत्ता लगाउने उद्देश्यबाट नेपाल सरकारबाट कार्यक्रम लागु भएका जिल्लाहरुमा माटो परिक्षण शिविर सञ्चालन गरिनेछ ।

(२) कार्यक्रम लागु भएका क्षेत्रका सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले क्षेत्रीय माटो प्रयोगशाला को प्राबिधिक सहयोगमा आ-आफ्नो जिल्लाहरुमा वर्षमा एक/एक पटक माटो परिक्षण शिबिर संचालन गर्न लगाई कृषकहरुलाई माटो ब्यवस्थापन सम्बन्धि सेवा प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने माटो परिक्षण शिबिर आवश्यक्तानुसार एक देखि दुई दिनको हुनेछ ।

(४) यस दफा बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुमा गरिने खर्च सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) माटो शिबिर संचालनको प्रचार-प्रसार गर्न पम्फलेट र ब्यानर छपाउने ।
(ख) माटो परिक्षण गरी क्षेत्रीय माटो प्रयोगशालाले प्रतिवेदन दिने ।
(ग) चियापान
(घ) उपदफा क, ख र ग मा उल्लेख गरिएको खर्च नेपाल सरकारको स्विकृत बजेट र नियमानुसार हुनेछ ।

(५) यस दफा बमोजिको कार्य सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र कृषक समुह/सहकारीमा रहनेछ र सहयोगी भूमिका माटो परिक्षण प्रयोगशाला, झुम्काको रहनेछ ।

**१४. डढुवा रोगको जस्तो लक्षण देखिने रोगको अध्ययन परिक्षण कार्यक्रम सञ्चालन :** (१) हालका बर्षहरुमा अलैंची बगानहरुमा देखा परिरहेको डढुवा रोगको जस्तो लक्षण देखिने रोगको बारेमा एकिन पहिचान गर्नको लागि यस क्षेत्रमा संलग्न गैह्र सरकारी संस्था हरुबाट करारमा अध्ययन अनुसन्धान गराई त्यस बाट प्राप्त हुने नतिजाको आधारमा रोग ब्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारबाट कार्यक्रम लागु भएका क्षेत्रमा डढुवा रोगको जस्तो लक्षण देखिने रोगको अध्ययन परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि नेपालको अलैंची खेती हुने जिल्लाहरुमा कार्य गरि रहेको नीजी कम्पनीसंग प्रचलित नेपाल सरकारको नियम, कानुनको आधारमा MOU तयार पारी करार संझौता गरी अध्ययन अनुसन्धान गराई प्रतिबेदन लिइने छ ।

(३) उपदफा (२) बमोजिम लिईएको प्रतिबेदनको सिफारिसको आधारमा आगामी बर्षहरुमा अलैचीको रोग ब्यबस्थापन कार्यक्रम संचालन गरिनेछ ।

**१५. नीजि स्तरमा रहेका तन्तु प्रजनन प्रयोगशालाहरु बाट भाइरस रोगमुक्त अलैंची बिरुवा उत्पादन कार्यक्रम सञ्चालन :** (१) भाइरस रोगमुक्त गुणस्तरीय अलैंची बिरुवा उत्पादन गर्न लगाइ आपूर्तिमा सहयोग पुऱ्याउने उद्देश्य लिई नेपाल सरकारबाट कार्यक्रम लागु भएका क्षेत्रहरुमा नीजि स्तरमा रहेका तन्तु प्रजनन प्रयोगशालाहरु बाट भाइरस रोगमुक्त अलैंची बिरुवा उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि तन्तु प्रजनन प्रबिधिबाट अलैंचीको भाइरस रोगमुक्त बिरुवाहरु उत्पादन गर्ने नीजी कम्पनीहरुसंग प्रचलित नेपाल सरकारको नियम, कानुनको आधारमा MOU तयार पारी करार संझौता गरी कार्य गराइने छ ।

१६. **अलैंची बालीमा आई.पि.एम.कृषक पाठशाला संचालनको लागि पाठचक्रम तयार गरी कृषक पाठशाला संचालन :** (१) अलैंची बालीमा दिगो रुपमा रोग ब्यबस्थापन गर्न कृषकहरुको सहभागीता बढाई आई.पि.एम. (एकिकृत शत्रुजीव ब्यबस्थापन) कृषक पाठशाला संचालन गर्नको लागि पाठचक्रम तयार गर्ने र कृषक पाठशाला संचालन गर्न नेपाल सरकारबाट कार्यक्रम लागु भएका क्षेत्रमा अलैंची बालीमा आई.पि.एम.कृषक पाठशाला संचालनको लागि पाठचक्रम तयार गरी कृषक पाठशाला संचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) बाली संरक्षण निर्देशनालय, हरिहरभवनबाट उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने पाठचक्रम तयार पारिनेछ । तयार गरिएको पाठ्यक्रम अनुसार आइ.पि.एम. तालिम लिएका प्राविधिकको रोहवरमा पाठशाला संचालन गरिनेछ ।

(३) आई.पि.एम. कृषक पाठशाला संचालन गर्न स्विकृत बजेटको परिधि भित्र रही कृषि विभागको स्विकृत नर्मस- २०६७ उपयोगमा ल्याइनेछ ।

**१७. अलैंचीको वयर हाउस (भण्डार गृह) निर्माणको संभाब्यता अध्ययन र आन्तरिक बजार अनुगमन कार्यक्रम सञ्चालन :** (१) अलैंचीको उत्पादन उपरान्तका समस्याहरु समाधान गर्न र अलैचीको अन्तराष्ट्रिय बजारमा सिधा पहुच पुऱ्याउनको लागि आवश्यक उपायहरुको खोजी गर्न मद्दत पुराउनको लागि नेपाल सरकारबाट आयोजना लागु भएका क्षेत्रमा अलैंचीको वयर हाउस (भण्डारण गृह) निर्माणको संभाब्यता अध्ययन र आन्तरिक बजार अनुगमन कायक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि कृषि विभाग अन्तर्गतको कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, हरिहरभवनबाट अलैंची ब्यवसायमा संलग्न उत्पादक, ब्यवसायी, प्राबिधिक तथा सबै सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु संग समन्वय राखी अलैंचीको आन्तरिक बजार अनुगमन तथा वयर हाउस निर्माणको संभाब्यता अध्ययन गर्न लगाई सिफरिस सहितको प्रतिबेदन लिइनेछ ।

(३) कार्यक्रमका् लागि आवश्यक खर्च प्रचलित नेपाल सरकारको ऐन, नियम तथा स्विकृत बजेटको परिधि भित्र रहि ब्यवस्थापन गरिनेछ ।

**१८. <u>बिजु नर्सरी र तन्तु प्रजनन प्रयोगशाला बाट उत्पादित बिरुवाहरु हुर्काउन स्क्रिन हाउस निर्माण कार्यक्रम सञ्चालन</u> :** (१) अलैंचीको बिरुवाहरुमा भाइरस रोग सार्ने लाही किराहरु (Aphids) बाट उत्पादित बिरुवाहरुलाई जोगाई गुणस्तरयक्त बनाइ राख्ने उद्देश्यले नपाल सरकारबाट कार्यक्रम लागु भएका क्षेत्रहरुमा बिजु नर्सरी र तन्तु प्रजनन् प्रयोगशाला बाट उत्पादित बिरुवाहरु हुर्काउन स्क्रिन हाउस निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद (NARC) अन्तर्गतको कृषि अनुसन्धान केन्द्र, पाखीवास, धनकुटामा अलैंचीको बिजु नर्सरी र तन्तु प्रजनन् प्रयोगशाला बाट उत्पादित बिरुवाहरुलाई भाइरस रोग सार्ने लाही किराहरु (Aphids) बाट जोगाउन आवश्यक्तानुसार स्क्रिन हाउसको निर्माण गर्न लगाइने छ ।

(३) उपदफा (१) अनुसारको कार्यक्रममा लाग्ने खर्च व्यवस्थापन नेपाल सरकारको प्रचलित ऐन, नियम तथा स्विकृत बजेटको परिधि भित्र रहि गरिने छ ।

**१९. <u>कार्ययोजना तयार गर्ने</u> :** (१) कार्यक्रम सञ्चालन भएका सम्बन्धित जिल्ला कृषि बिकास कार्यालयहरुबाट स्वीकृत कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक समय सीमा र जिम्मेवार ब्यक्ति समेत तोकी बिस्तृत कार्ययोजना (Detail Implementation Plan) तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको योजनालाई सम्वन्धित जिल्ला कृषि बिकास कार्यालयहरुबाट उपलव्ध स्रोत साधनको आधारमा कार्यान्वयन गरिनेछ ।

## परिच्छेद ४
## तालिम सम्वन्धि व्यवस्था

**२०. <u>तालिम</u>** : (१) अलैंचीको रोग ब्यबस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालनको लागि कृषि प्राविधिक र कृषकहरुलाई आवश्यक देहाय बमोजिमका तालिम प्रदान गरिनेछ :-

(क) केन्द्रिय स्तरको प्राविधिक तालिम
(ख) क्षेत्रीय स्तरको अगुवा कृषक तालिम
(ग) जिल्ला स्तरीय अगुवा कृषक तालिम
(घ) स्थलगत घुम्ति/फिल्ड स्तरीय कृषक तालिम

(२) केन्द्रिय स्तरको तालिमको जिम्मेवारी राष्ट्रिय मसला बाली विकास कार्यक्रम, क्षेत्रीय स्तरको कृषक तालिमको जिम्मेवारी अलैंची विकास केन्द्र, फिक्कल तथा जिल्ला स्तरीय र घुम्ती तालिमको जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको हुनेछ । यसमा सहयोगीको भूमिका अलैंची बिकास केन्द्र, फिक्कलले गर्नेछ ।

**२१. <u>केन्द्रिय स्तरको प्राविधिक तालिम</u> :** (१) अलैंची उत्पादन हुने जिल्लाका कृषि प्राबिधिकहरुको अलैंची खेती सम्बन्धि ज्ञान, शिपमा बृद्धि ल्याउने उद्देश्यले सो कार्यक्रम लागु भएका क्षेत्रका प्राविधिकहरुलाईं केन्द्रिय स्तरिय तालिम प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको लागि यो कार्यक्रम लागु भएका जिल्लाहरु र अन्य क्षेत्र विस्तार भइरहेका पाँच जिल्लाहरुबाट गरी जम्मा २५ जना प्रा.स./ना.प्रा.स.हरुलाई राष्ट्रिय मसला बाली विकास कार्यक्रम, खुमलटारबाट कृषि अनुसन्धान केन्द्र, पाखीवास, धनकुटामा वा अलैंची विकास केन्द्र फिक्कल, इलाममा अलैंची खेतीको पूर्ण प्याकेज सहितको तालिम संचालन गरिनेछ ।

(३) उपदफा (१) बमोजिमका तालिमको लागि आवश्यक रकम कृषि तालिम निर्देशनालयको स्विकृत नर्म्स र विनियोजित बजेटको परिधि भित्र रहि खर्च गरिनेछ ।

**२२. <u>क्षेत्रीय स्तरको अगुवा कृषक तालिम</u> :** (१) कार्यक्रम लागु भएका बिभिन्न जिल्लाका अलैंची उत्पादक र नर्सरी धनी कृषकहरुको अलैंची खेती र नर्सरी ब्यवसाय सम्बन्धि ज्ञान, शिपमा सुधार

ल्याउने उद्देश्यबाट सो कार्यक्रम सँग सम्वन्धित अगुवा कृषकहरुलाई क्षेत्रीय स्तरको तालिम प्रदान गरिनेछ ।

(२) कार्यक्रम लागु भएका जिल्लाहरुबाट २० जना र अन्य जिल्लाहरुबाट थप ५ जना गरी जम्मा २५ जना अगुवा कृषकहरुलाई अलैंची खेती सम्बन्धि एक हप्ते तालिम अलैंची विकास केन्द्र, फिक्कल, इलाममा संचालन गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको तालिममा सहभागी कृषकको छनौट गर्दा कम्तिमा तैत्तिस प्रतिसत महिलाको सहभागिता हुने किसिमबाट छनौट गर्नुपर्नेछ ।

(४) कार्यक्रम लागु भएका जिल्लाहरुबाट २० जना र अन्य जिल्लाहरुबाट थप ५ जना गरी जम्मा २५ जना नर्सरी धनी वा नर्सरी स्थापना गर्न इच्छुक कृषकहरुलाई अलैंची नर्सरी स्थापना एवं ब्यवस्थापन सम्बन्धि एक हप्ते तालिम कृषि अनुसन्धान केन्द्र, पाखीवास, धनकुटामा संचालन गरिनेछ ।

(५) उपदफा (४) बमोजिमका तालिमको लागि आवश्यक रकम कृषि तालिम निर्देशनालयको स्विकृत नर्म्स र विनियोजित बजेटको परिधि भित्र रहि खर्च गरिनेछ ।

**२३. <u>जिल्ला स्तरको अगुवा कृषक तालिम</u>** : (१) कार्यक्रम लागु भएका जिल्लाका अलैंची खेतीमा संलग्न रहेका र संलग्न हुन चाहने अगुवा कृषकहरुको ज्ञान, शिपमा सुधार ल्याउने उद्देश्यले सो कार्यक्रमसँग सम्वन्धित कृषकहरुलाई जिल्ला स्तरको अगुवा कृषक तालिम प्रदान गरिनेछ ।

(२) कार्यक्रम लागु भएका जिल्लाको आवश्यकता अनुसार जिल्ला स्तरमा अलैंची खेतीको पूर्ण प्याकेज सहितको अगुवा कृषक तालिम कृषि प्रसार निर्देशनालयको स्विकृत नर्मस र बजेटको परिधि भित्र रहि सञ्चालन गरिनेछ ।

(३) तालिम संचालनको वजेट कृषि तालिम निर्देशनालयको स्विकृत नर्म्स र विनियोजीत बजेटको परिधि भित्र रहि खर्च गरिनेछ ।

**२४. <u>स्थलगत घुम्ति/फिल्ड स्तरको अगुवा कृषक तालिम</u> :** (१) कार्यक्रम लागु भएका जिल्लाको बिभिन्न ठाँउमा रहेका अलैंची बगानहरुमा तत्काल गर्नुपर्ने कृषि कार्यका बारेमा सम्बन्धित कृषकहरुलाई जानकारी दिने उद्देश्यबाट सो कार्यक्रम सँग सम्वन्धित कृषकहरुलाई स्थलगत घुम्ति फिल्ड स्तरको अगुवा कृषक तालिम प्रदान गरिनेछ ।

(२) कार्यक्रम लागु भएका जिल्लाको आवश्यक्ता अनुसार पकेट क्षेत्र स्तरमा अलैंची खेतीको घुम्ति तालिम कृषि प्रसार निर्देशनालयको स्विकृत नर्म्स र विनियोजित बजेटको परिधि भित्र रहि सञ्चालन गरिनेछ ।

**<u>२५. अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम</u> :** (१) यो कार्यक्रम संचालन गर्दा परिच्छेद ३ को वुदा ९ अनुसारको अनुदान दिइनेछ । तर, यो कार्यक्रम संचालन गर्दा निम्न वमोजिमको जमीन छनौट गर्नुपर्नेछः

- पहिले अलैंची वगान नभएको,
- सिंचाइको श्रोत भएको,
- प्राविधिक दृष्टिकोणले अलैंची खेतीको लागि उपयुक्त,
- कम्तीमा १० रोपनी क्षेत्रफलमा अलैंची रोप्न उपयुक्त ।

## परिच्छेद-५
## प्रतिवेदन तथा अनुगमन सम्वन्धि व्यवस्था

**२५. <u>प्रतिवेदन पेश गर्ने</u> :** (१) आफ्नो जिल्लामा संचालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक, चौमासिक तथा वार्षिक रुपमा जिल्ला कृषि विकास कार्यालय, फार्म/केन्द्रहरुले सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय र राष्ट्रिय मसला वाली विकास कार्यक्रम, खुमलटारमा पठाउनु पर्नेछ ।

(२) वाली संरक्षण निर्देशनालय, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, क्षेत्रीय कृषि निर्देशनालय लगायतका कार्यक्रम संचालन गर्ने कार्यालयहरुले आ-आफ्नो कार्य प्रगती राष्ट्रिय मसला वाली विकास कार्यक्रम, खुमलटारमा पठाउनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त हुन आएको प्रगति प्रतिवेदनहरुलाई राष्ट्रिय मसला वाली विकास कार्यक्रमले एकमुष्ट रुपमा संहिताकरण गरी विश्लेषणात्मक प्रतिक्रिया सहित तरकारी विकास निर्देशनालय मार्फत् कृषि विभागमा पठाउनु पर्नेछ ।

**२६. अनुगमन** : (१) कार्यक्रम निर्धारित लक्ष्यका साथ सञ्चालन भएको छ वा छैन भनि सो कार्यक्रम सञ्चालन भएको तल्लो तहसम्म अनुगमनको कार्य सञ्चालन गरिनेछ ।

(२) आफ्नो जिल्लामा संचालित अलैंची विशेष कार्यक्रम कार्यान्वयनको स्थगलत अनुगमन निरीक्षण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र जिल्ला कृषि विकास समितिबाट वर्षमा ६ पटक सम्म कार्यक्रमको स्थगलत अनुगमन निरीक्षण गरीनेछ ।

(३) उपदफा (२) बमोजिम स्थलगत अनुगमन तथा निरिक्षण गर्दा कार्यक्रम सञ्चालनमा आएका समस्याहरुको पहिचान गरि सोको समाधानको लागि आवश्यक सुझाव सल्लाह समेत दिई लिई कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्नेछ ।

(४) आफु मातहतका जिल्लाहरुमा संचालित अलैंची विशेष कार्यक्रमको स्थगलत अनुगमन निरीक्षण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय को नेतृत्वमा क्षेत्रीय बाली संरक्षण प्रयोगशाला, अलैंची विकास केन्द्र, फिक्कल तथा कृषि अनुसन्धान केन्द्र, पाखीवास (धनकुटा) बाट संयुक्त रुपमा हरेक चौमासिकमा एक/एक पटक गरी वर्षको तीन पटक कार्यक्रमको स्थगलत अनुगमन निरीक्षण गरिनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन तथा निरिक्षण गरिदा अनुगमन टोलीबाट सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु र कृषक/कृषक समुहहरुलाई आवश्यक सुझाव सल्लाह दिनु पर्नेछ र सञ्चालित कार्यक्रमको लागि क्षेत्रीय स्तर एवं आ-आफ्नो स्तरबाट उपलव्ध हुन सक्ने सहयोग समेत उपलव्ध गराउनु पर्नेछ ।

(६) मातहतका जिल्लामा संचालित अलैंची विशेष कार्यक्रमको कार्यान्वयनको स्थगलत अनुगमन निरीक्षण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन तरकारी विकास निर्देशनालय, बाली संरक्षण निर्देशनालय, राष्ट्रिय मसला बाली विकास कार्यक्रमका साथै कृषि विभाग र नेपाल कृषि अनुसन्धान परिषदका प्रतिनिधिहरुबाट संयुक्त रुपमा हरेक चौमासिकमा एक/एक पटक गरी वर्षमा तीन पटक सञ्चालित कार्यक्रमको स्थगलत अनुगमन निरीक्षण गरिनेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमन तथा निरिक्षण गरिदा अनुगमन टोलीबाट सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु र कृषक/कृषक समुहहरुलाई आवश्यक सुझाव सल्लाह दिनु पर्नेछ र सञ्चालित कार्यक्रमको लागि केन्द्रिय स्तर एवं आ-आफ्नो स्तरबाट उपलव्ध हुन सक्ने सहयोग समेत उपलव्ध गराउनु पर्नेछ ।

(८) यस दफा बमोजिम अनुगमन गर्दा लक्षित अनुगमन कार्यको समय सीमा र अनुगमन गर्ने व्यक्ति समेत तोकी कार्ययोजना तयार गरी सोही अनुरुप अनुगमन कार्य सम्पन्न गरिनेछ ।

(९) यस दफा बमोजिम अनुगमन गर्न जाने व्यक्ति वा टोलीले अनुगमन कार्य सम्पन्न गरिसकेपछि आफुले अनुगमनमा देखेका कुराहरु सहितको प्रतिवेदन आफु बहाल रहेको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

**२७. अपेक्षित उपलव्धी** : नेपाल सरकारबाट अलैंचीको रोग ब्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको उपलव्धी हासिल गर्ने अपेक्षा लिएको छ :-

- कार्यक्रम संचालित जिल्लाहरु प्रत्येकमा पाँच रोपनी क्षेत्रफलका पाँच/पाँच वटाका दरले कुल पैत्तिस वटा (८.७५ हे.मा) नमूना अलैंची बगानहरु नमूनाको रुपमा स्थापित हुने ।
- वगान प्रतिस्थापन कार्यक्रम संचालन हुने तीन जिल्ला (इलाम, पांचथर र ताप्लेजुङ्ग) का तीस हेक्टर जग्गामा भएका पुराना रोगग्रस्त अलैंची बगानहरुको स्थान नयां रोगमुक्त एवं गुणस्तरीय बगानहरुले लिने ।
- नयां बाईस वटा (११ रोपनीमा) अलैंची निजी नर्सरीहरुको स्थापना भई त्यस बाट कम्तिमा सात लाख पहिलो वर्षे रोगमुक्त अलैंची बिरुवाहरु उत्पादन हुने ।
- नेपाल कृषि अनुसन्धान परिषद अर्न्तगतको कृषि अनुसन्धान केन्द्र, पाखिवासमा जालीघर एक र स्क्रिन हाउस एक निमार्ण भई Tissue Culture प्रबिधि र बिजु नर्सरीबाट उत्पादित एक वर्षे एकलाख अलैची बिरुवा हुर्काउन सहयोग पुग्ने ।
- शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र, बोंच, दोलखामा अलैंचीको एउटा (दुई रोपनीमा) नर्सरी स्थापना भई त्यस बाट करिब एक लाख पहिलो वर्षे रोगमुक्त अलैंची बिरुवाहरु उत्पादन हुने ।
- अलैंची वालीमा लाग्ने रोगहरुको प्रभाबकारी ब्यवस्थापनको लागि यसै बर्ष देखि एकिकृत रोग ब्यबस्थापनमा जोड दिन आई.पि.एम. कृषक पाठशाला संचालनको पाठ्यक्रम तयार पारी दुई जिल्लामा तीन वटा कृषक पाठशालाहरु संचालन हुने ।
- यस कार्यक्रमका बिभिन्न क्रियाकलापहरु बाट पहिलो वर्षमै कम्तिमा दुई हजार कृषक परिवारले प्रत्यक्ष रुपमा लाभ प्राप्त गर्ने ।

२८. **निर्देशिकामा संशोधन** : नेपाल सरकारले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची १
## कार्यक्रम सञ्चालन सम्वन्धि विशेष भूमीका र जिम्मेवारी

| क्र. सं. | निकायहरु | मुख्य भूमीका/जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|
| १ | तरकारी विकास निर्देशनालय तथा राष्ट्रिय मसला बाली विकास कार्यक्रम, खुमलटार | • कार्यक्रम तर्जुमा, अनुगमन तथा कार्य-निर्देश<br>• प्राबिधिक सर-सल्लाह तथा सुझाव | कार्यक्रम निर्देशक एवं कार्यक्रम प्रमुख |
| २ | क्षेत्रिय कृषि निर्देशनालय | • क्षेत्रीय स्तरको नेतृत्व गर्दै कार्यक्रम अनुगमन/निरीक्षण तथा कार्य-निर्देश गर्ने ।<br>• अलैंची पकेट क्षेत्रहरुको बिस्तृत बिवरण राख्न लगाउने । | क्षेत्रिय कृषि निर्देशक |
| ३ | बा.सं.नि., कृ.व.नि.प.का., क्षे.मा.प्र. र कृ.अ.के., पाखीवास (ने.कृ.अ.प.) | • आफू संग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने । | सम्बन्धित प्रमुखहरु |
| ४ | अलैंची विकास केन्द्र, फिक्कल (इलाम) | • कार्यक्रम अनुगमन, निरीक्षण<br>• प्राबिधिक सर-सल्लाह तथा सुझाव | बरिष्ठ मसला बाली विकास अधिकृत |
| ५ | जिल्ला कृषि विकास समितिहरु | • कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक निर्णयहरु गर्ने, गराउने ।<br>• अनुगमन/ निरीक्षण तथा कार्य-निर्देश । | सम्बन्धित जिल्लाका बरिष्ठ कृषि विकास अधिकृतहरु |
| ६ | जिल्ला कृषि विकास कार्यालयहरु | • कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाउने ।<br>• कृषकहरुलाई प्राबिधिक तथा अन्य आवश्यक सहयोग गर्ने ।<br>• आवश्यक तथ्यांक, जानकारी र प्रगती बिबरण समय-समयमा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने । | सम्बन्धित जिल्लाका बरिष्ठ कृषि विकास अधिकृतहरु र बागवानी विकास अधिकृतहरु |

## अनुसूची -२
## निजी नर्सरी स्थापना गर्दा लाग्ने खर्चको बिश्लेषणात्मक बिबरण

(क्षेत्रफल- ०.५ रोपनी, पहिलो वर्ष)

| सामाग्री | परिमाण/ ज्यामी संख्या | दर | जम्मा रकम | सरकारको सहभागिता | कृषकको सहभागिता |
|---|---|---|---|---|---|
| ◆ **अलैंची बीउ** | १ किलो | रु. ७,०००।- | रु. ७,०००।- | रु. ७,०००।- | - |
| ◆ **पराल** (मल्चिङ्गको लागि) | १५० मुठा | रु. १५।- | रु. २,२५०।- | रु. २,२५०।- | |
| ◆ जाली (२० x ६ x २.५ मी. को २ वटा, सेतो रंगको, नाइलनको, मसिनो खाले | ५०० मीटर | रु.१६५।- | रु. ८२,५००।- | रु. ८२,५००।- | |
| ◆ **बांस** (जाली अड्याउन) | २५ थान | रु. १००।- | रु. २,५००।- | रु. २,५००।- | |
| ◆ **शुक्ष्म तत्व मल** | ०.५ लिटर | रु. १,०००।- | रु. ५००।- | रु. ५००।- | |
| ◆ **बिषादी**<br>- रोगनाषक<br>- कीटनाषक | <br>०.५ किलो<br>०.५ लिटर | <br>रु. २,५००।-<br>रु. १,२००।- | <br>रु. १,२५०।-<br>रु. ६००।- | <br>रु. १,२५०।-<br>रु. ६००।- | |
| ◆ **हजारी** प्लाष्टिकको (१० लीटर क्षमता) | २ | रु. ५००।- | रु. १,०००।- | रु. १,०००।- | |
| ◆ **स्प्रेयर** प्लाष्टिकको (१६ लीटर क्षमता) | १ | रु. २,०००।- | रु. २,०००।- | रु. २,०००।- | |
| ◆ जमीन तयारी, गोडमेल, सिंचाई, मलखाद प्रयोग आदि क्रियाकलाप को लागि आवश्यक पर्ने ज्यामी खर्च | | | | | कृषक स्वयंले व्यहोर्ने । |
| ◆ सामाग्री ढुवानी | - | एकमुष्ट | रु. ६,५००।- | रु. ६,५००।- | |
| **जम्मा** | | | **रु. १,०६,१००।-** | **रु. १,०६,१००।-** | |
| **सामाग्रीमा अनुदान** | | | | **रु. ८४,८८०।- (८०%)** | **रु. २१,२२०।- (२०%)** |

## अनुसूची - ३
## निजी नर्सरी ब्यवस्थापना गर्दा लाग्ने खर्चको बिश्लेशणात्मक बिबरण

(क्षेत्रफल- ३ रोपनी, नर्सरी स्थापना गरेको दोश्रो वर्ष)

| सामाग्री | परिमाण/ ज्यामी संख्या | दर | जम्मा रकम | सरकारको सहभागीता | कृषकको सहभागिता |
|---|---|---|---|---|---|
| ◆ **जाली** (हरियो shade net, मसिनो खाले ) | १५० के.जी. | रु. ७००।- | रु. १,०५,०००।- | रु. १,०५,०००।- | |
| ◆ **बांस** (जाली अड्याउन) | २०० थान | रु. १००।- | रु. २०,०००।- | रु. २०,०००।- | |
| सुतली, काटी | एकमुष्ट | | रु. १,५००।- | रु. १,५००।- | |
| ◆ **शुक्ष्म तत्व मल** | ३ लिटर | रु. १,०००।- | रु. ३,०००।- | रु. ३,०००।- | |
| ◆ **बिषादी** | | | | | |
| - रोगनाशक | ३ किलो | रु. २,५००।- | रु. ७,५००।- | रु. ७,५००।- | |
| - कीटनाशक | ३ लिटर | रु. १,२००।- | रु. ३,६००।- | रु. ३,६००।- | |
| ◆ **प्लाष्टिकको पाइप** (०.५ ईन्ची) स्प्रिङ्कलर सहित | ३०० मीटर | रु. ४०।- | रु. १२,०००।- | रु. १२,०००।- | |
| ◆ जमीन तयारी, गोडमेल, सिंचाई, मलखाद प्रयोग आदि क्रियाकलाप को लागि आवश्यक पर्ने ज्यामी खर्च | | - | | | कृषक स्वयंले व्यहोर्ने । |
| ◆ सामग्री ढुवानी | | एकमुष्ट | रु. १०,०००।- | | |
| **जम्मा खर्च** | | | **रु.१,६२,६००।-** | | |
| **सामग्रीमा अनुदान** | | | | **रु. १,३०,०८०।- (८० %)** | **रु. ३२,५२०।- (२० %)** |

## अनुसूची - ४
## प्रतिस्थापित अलैंची वगानको व्यवस्थापन

(क्षेत्रफल- १ हेक्टर, दोश्रो र तेश्रो वर्ष)

| सामग्री | परिमाण | दर ( रु/के.जी.) | जम्मा रकम | सरकारको सहभागिता | कृषकको सहभागिता |
|---|---|---|---|---|---|
| **मलखाद** | | | | | |
| १. कम्पोष्ट | २० टन | ०.५।- | १०,०००।- | | १०,०००।- |
| २. यूरिया | १०० के.जी. | ४०।- | ४,०००।- | ४,०००।- | |
| ३. डि.ए.पी. | १५० के.जी. | ५०।- | ७,५००।- | ७,५००।- | |
| ४. पोटास | १०० के.जी. | ३०।- | ३,०००।- | ३,०००।- | |
| **वाली संरक्षण**<br>१. स्प्रेयर वितरण (१६ लिटर क्षमताको प्लाष्टिकको) | १ वटा | २,०००।- | २,०००।- | २,०००।- | |
| **बाली संरक्षण**<br>(जैविक वा रासायनिक विषादी प्रयोग गर्न) | आवश्यकतानुसार | | ३,०००।- | ३,०००।- | |
| **सिंचाई व्यवस्थापन**<br>कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरु । | आवश्यकतानुसार | | १०,०००।- | १०,०००।- | |
| **जम्मा खर्च** | | | **३९,५००।-** | **२९,५००।-** | **१०,०००।-** |